आ.व २०८३।०८४ को दोस्रो एवं समग्रमा ११८ औं गाउँ कार्यपालिका बैठक मिति २०८३।०५।१७ का निर्णयहरु

निर्णय नं. १

गत गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २

चाडपर्वको समयलाई मध्यनजर गरी वडा कार्यालयहरुले आ-आफ्नो वडाभित्रका मोटरबाटोहरु प्राविधिक कर्मचारीलाई लागत अनुमान तयार गर्न लगाई आवश्यकताको आधारमा न्यूनतम बजेट खर्च हुने गरी सरसफाई गर्ने।

निर्णय नं. ३

यस गाउँपालिकाको आ.व. २०८२/०८३ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (Local Governance Performance Assessment System–LGPAS) अन्तर्गत सम्बन्धित सूचक तथा उपसूचकहरूमा उपलब्ध प्रमाण कागजातका आधारमा तयार गरिएको प्रारम्भिक स्वमूल्याङ्कन प्रतिवेदन सम्बन्धमा कार्यपालिकामा विस्तृत छलफल गरियो।विषयगत समितिबाट प्राप्त पृष्ठपोषण समेतका आधारमा तयार पारिएको प्रारम्भिक नतिजामा आवश्यक संशोधन गरी थप पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति पठाउने।

निर्णय नं. ४

मिति २०८३/०५/१० गते रसुवाको भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भिषण बाढीको कारण भएको क्षति पछिको उद्धार, राहत, पुनर्निमाण लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा तपसील बमोजिमको सहयोग गर्ने।

- स्थानीय विपद् व्यवस्थापन कोषबाट रु १ लाख।
- निर्वाचित जनप्रतिनिधिले पाउने मासिक सेवासुविधाबाट ७ दिनको दरले हुन आउने रकम।
- गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी एवम् शिक्षकहरुको तर्फबाट योगदान गर्न श्रेणीविहिन कर्मचारी साथै विद्यालयहरुमा कार्यरत का.स, बाल शिक्षक, र लेखा कर्मचारीहरुबाट २ दिनको तलब, सहायकस्तरका कर्मचारी साथै नि.मा.वि र प्रा.वि शिक्षकहरुबाट ५ दिनको तलब र अधिकृतस्तरका कर्मचारी साथै उ.मा.वि र मा.वि शिक्षकहरुबाट ७ दिनको तलब बराबर हुन आउने रकम।

निर्णय नं. ५

स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभन्दा १०% प्रतिशतसम्म तपसिल बमोजिमका योजनाहरुको थप लागत अनुमान स्वीकृत गरी प्रतिस्पर्धात्मक खरिद प्रक्रिया/ठेक्का आह्वान गर्ने। खरिद प्रक्रिया सम्पन्न भई सम्झौता तथा कार्यान्वयनका क्रममा स्वीकृत बजेटभन्दा थप रकम आवश्यक पर्ने अवस्था सिर्जना भएमा त्यस्तो थप व्ययभारलाई गाउँपालिकाको उपलब्ध समपूरक कोष, अल्या/बचत रकम वा कानूनबमोजिम उपलब्ध अन्य स्रोतबाट व्यवस्थापन गर्ने।

| क्र.म | कार्यक्रम तथा योजनाहरु |
|---|---|
| १ | पेरिवाङ-बरेङ-उर्लेनी सडक खण्ड २ |
| २ | घट्ट मान्द्रे ढुङ्गा सडक |
| ३ | उर्लेनी बरेङ पेरिवाङ सडक वडा न. १ र २ |

प्रमाणित प्रतिलिपि

आ.व २०८३।०८४ को दोस्रो एवं समग्रमा ११८ औं गाउँ कार्यपालिका बैठक मिति २०८३।०५।१७ का निर्णयहरु

निर्णय नं. ६

गाउँसभाबाट स्वीकृत चालु आर्थिक वर्षको विनियोजन ऐनमा 'विशेष परिस्थिति वा प्राविधिक अवरोधका कारण सिर्जना भएका दायित्वहरू फछ्र्यौट गर्न बढी हुन आएको नगद मौज्दात (अल्या) रकम कार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गर्न सकिने' भन्ने प्रत्यायोजित अधिकारको प्रयोग गर्दै तपसिल बमोजिमका योजनाहरुलाई अल्याबाट बजेट विनियोजन गरी भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

| क्र.सं. | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | नयाँबजार झोलुङ्गे पुल देखि खाल्ले सम्म मोटरबाटो स्तरउन्नती | २९९९३२ |
| २ | सिँचाई कुलो खानेपानी मर्मत तथा प्रतिक्षालय निर्माण | ६९९७२१ |
| ३ | नयाँ बजार सडक स्तरउन्नती, चिदि खर्क सडक निर्माण | १७३०६८४ |
| ४ | खानिखोला कल्बर्ट देखि सानोदलेङसम्म पक्की पदमार्ग, गुरुङधारा खानेपानी ट्याङ्की निर्माण, सानोदलेङ पहिरो नियन्त्रण, सुदला भल व्यवस्थापन तथा पहिरो व्यवस्थापन | ६४९९६३ |
| ५ | खानेपानी, सिँचाई तथा पदमार्ग निर्माण उ स | २९५१९६ |

निर्णय नं. ७

सम्वत् २०८३ साल भदौ १० गते रसुवा जिल्लाको रसुवागढी, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै उक्त घटनामा परी ज्यान गुमाउनुहुने सम्पूर्ण व्यक्तिहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने, शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने तथा घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने।